दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १३२ | बुटवल | २०८३ बैशाख २९ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday May 12, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८०१८२७९५०


## सुकुम्वासीका घर भत्काएकोमा क्षतिपूर्ति दिन मानवअधिकार आयोगको निर्देशन




बुटवल। राष्ट्रिय मानवअधिकार आयोगले सुकुम्वासी बस्तीका घर टहरा भत्काउँदा भएको क्षतिको मूल्यांकन गरेर क्षतिपूर्ति दिन निर्देशन दिएको छ। काठमाडौंमा हटाइएका बस्ती र होल्डिङ सेन्टरको स्थलगत अनुगमनपछि तयार पारेको प्रतिवेदन सोमबार सरकारलाई बुझाउँदै यस्तो निर्देशन दिएको हो।

प्रतिवेदनमा भत्काइएका संरचनाको क्षतिपूर्ति दिन र बसोवासको वैकल्पिक व्यवस्था मिलाएर मात्र सरकारी स्वामित्वको जग्गा खाली गराउन भनिएको छ। आयोगको प्रतिवेदनमा होल्डिङ सेन्टर रहेका व्यक्तिहरूलाई मनोपरामर्श सेवा उपलब्ध गराउन र बालबालिकाको गुणतस्नीय शिक्षा तत्थकाल पठनपाठनको व्यवस्था मिलाउनु पर्ने उल्लेख छ।

त्यस्तै, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, गर्भवती, सुत्केरीहरूलाई विशेष प्राथमिकताका साथ सुरक्षित स्थानमा राख्न र पोषणयुक्त खाना नियमित उपलब्ध गराउन र लैङ्गिकसंवेदनशील विषयलाई सम्बोधन गर्न निर्देशन दिइएको छ।

आयोगका पाँच वटा अनुगमन टोलीले बैशाख १२, १३, १४, १७ र २१ गते काठमाडौंका विभिन्न स्थानमा अनुगमनपछि प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको हो।

## एसईको नतिजा सार्वजनिक, ६५.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण




बुटवल। राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा सोमबार साँझ सार्वजनिक गरेको छ।

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा पत्रकार सम्मेलन आयोजना गरेर बोर्डले नतिजा सार्वजनिक गरेको हो। नतिजा अनुसार ६५.९८ विद्यार्थी उत्तीर्ण भएका छन्।

एसईई परीक्षा गत चैत १९ देखि २९ गतेसम्म सञ्चालन भएको थियो। यसपटक परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरिएकाले छिटो नतिजा सार्वजनिक गरिएको हो।

यसवर्ष एसईई परीक्षामा ५ लाख १२ हजार ४२१ जना विद्यार्थीले फारम भरेका थिए। नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षाका लागि फारम भरेका थिए।

जसमा दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य ७ जना छन्।

# कस्तो छ संघीय नीति तथा कार्यक्रम ?



**लुम्बिनी संवाददाता**

*बुटवल*

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम संसदमा प्रस्तुत गरेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संघीय संसदको दुवै सदनलाई सम्बोधन गर्दै सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन्।

सरकारले विशेषगरी सुशासन, पूर्वाधारको विकास, डिजिटल प्रणालीलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याएको छ। सरकारले ल्याएको नीति तथा कार्यक्रममा मुख्य १२ वटा प्राथमिकता छन्। यस्तै औसत आर्थिक वृद्धिदर ७ प्रतिशत पुऱ्याउने सरकारको लक्ष्य छ

सरकारले उद्यमी र मध्यम वर्गीय परिवारमा रहेको करको बोझ घटाउने कार्यक्रम ल्याएको छ। सरकारले संघीय संसदको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा भनिएको छ-'करका संरचनाको पुनरावलोकन गर्दै उद्यमी मध्यम वर्गीय परिवार माथिको बोझ घटाइने छ।' त्यसैगरी, सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आवद्ध गरी नगद नहित पारदर्शी र राजस्व चुहावट मुक्त अर्थतन्त्रको औपचारिकीकरण गरिने भनिएको छ। स्वैच्छिक कर अनुपालन, प्रविधि मैत्री राजस्व प्रशासन, शीघ्र कर विवाद समाधान प्रणालीमार्फत राजस्व प्रणालीलाई उद्यममैत्री बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ।

विभिन्न देशसँग दोहोरो कर मुक्ति सम्झौता गर्ने भनिएको छ। प्रदूषण, पूर्वाधार र अन्य छरिएका करहरुलाई एकीकृत गरि हरित कर प्रणालीमा रुपान्तरण गर्ने नीति अवलम्बन गरिने कार्यक्रम ल्याइएको छ। भन्सार नाकामा न्यून विजकीकरण नियन्त्रण गरिने छ। मूल्य अभिवृद्धिलगायत सबै करको फिर्ता गर्ने प्रणाली स्वचालित तथा समयवद्ध बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण पालना गर्दै जोखिममा आधारित नियमन, सुपरिवेक्षण र अभियोजना प्रणाली लागू गरिने भनिएको छ। सरकारले सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गर्ने बताएको छ। 'सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरी सफ्टवेयर, क्लाउड सेवा, साइबर सुरक्षा, हरित कम्प्युटिङ र एआई कम्प्युटेसनलाई निर्यात प्रवर्द्धन गरिने छ।'- नीति तथा कार्यक्रममा भनिएको छ।

त्यसैगरी, डिजिटल पार्क, उच्च प्रविधिको डेटा सेन्टर, सार्वजनिक डिजिटल पूर्वाधार विकास गरी नेपाललाई टेक हबका रुपमा अघि बढाइने राष्ट्रपतिले संसदमा वाचन गरेको नीति तथा कार्यक्रममा उल्लेख छ। सूचना प्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत, लगानी सहजिकरण, सरकारी सहलगानी सहित अनुसन्धान तथा नवप्रवर्तन खर्चमा कर प्रोत्साहन उपलब्ध गराइने नीति तथा कार्यक्रममा भनिएको छ। सरकारले नेपाल कार्बन प्राधिकरण गठन गर्ने भएको छ। सरकारले प्राधिकरण गठन गरी रेड प्लस कार्यक्रम विस्तार गर्ने योजना ल्याएको हो।

राष्ट्रपति पौडेलले भनेका छन्-'सामुदायिक बन समुहलाई कार्वन ट्रेडिङबाट प्रत्यक्ष लाभ सुनिश्चित गरिने छ।' सरकारी भवन निर्माणमा स्वदेशी काठको प्रयोग अनिवार्य गरिने भएको छ। नीति गत सुधारमार्फत भवन निर्माण तथा उद्योगमा स्वदेशी काठको प्रयोग गराउने नीति तथा कार्यक्रम सरकारले ल्याएको हो। सरकारले आगामी आर्थिक वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएको छ। उक्त लक्ष्य हासिल गर्न वातावरण वन कानुन संशोधन गर्ने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ। आयोजनाको प्रभावितलाई शेयर दिइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ।

सरकारले आगामी आर्थिक वर्षदेखि लागू हुने गरी रोजगार प्रवर्द्धन दशक घोषणा गर्ने भएको छ। 'आव २०८३/८४ देखि आव २०९२/९३ सम्म रोजगार प्रवर्द्धन दशक घोषणा गरी कार्यक्रम सञ्चालन गरिने छ,' नीति तथा कार्यक्रममा भनिएको छ। वैदेशिक रोजगारीलाई बाध्यताबाट विकल्पमा रुपान्तरण गर्न यस्तो कार्यक्रम ल्याइने सरकारले बताएको छ।

सरकारले वायु गुणस्तरलाई सुधार गर्न स्वच्छ प्रविधि प्रवर्द्धन र प्रदुषण नियन्त्रण कार्यक्रम ल्याउने भएको छ। 'काठमाडौं उपत्यकामा वायु गुणस्तर सुधार योजना अध्यावधिक गर्दै राष्ट्रिय वायु गुणस्तर व्यवस्थापन कार्ययोजना कार्यावन्यन गरिनेछ,' नीति तथा कार्यक्रममा भनिएको छ।

» *बाँकी २ पेजमा*

## बिचैमा छोडेर हिंडे प्रधानमन्त्री, दलहरूको आपत्ति

बुटवल। संघीय संसदमा सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिले पेश गरिरहँदा प्रधानमन्त्री बालेन्द्र शाहले बीचैमा बैठक छोडेर हिँडेका छन्। आफ्नै नेतृत्वको सरकारको कार्यक्रम राष्ट्रप्रमुखले पेश गर्दा बैठक प्रधानमन्त्री नै बैठक छोडेर हिँडेको नौलो दृश्य सोमबार संसद्मा देखियो। राष्ट्रपति पौडेललाई एक घण्टा १० मिनेट लागेको थियो। तर त्यो अवधिसम्म प्रधानमन्त्री शाहले कुरेनन्। राष्ट्रपतिले नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेपछि सभामुख डीपी अर्यालले सम्मानका निम्ति सबै सांसदहरूलाई उभिदिन निर्देशन दिएका थिए।

सभामुखको निर्देशन बमोजिम संयुक्त संसदका सांसदहरूले उभिएर राष्ट्रपति पौडेललाई बिदा गरे। सभामुख अर्याल र राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले बाहिरसम्मै निस्किएर राष्ट्रपति पौडेललाई बिदाइ गरेका थिए। तर राष्ट्रपतिलाई हलले उभिएर बिदाइ गरिरहँदा प्रधानमन्त्री बालेनको कुर्सी भने खाली थियो। प्रधानमन्त्री शाहले संसद् भित्रका गतिविधिहरूलाई प्राथमिकता दिने गरेका छैनन्। उनी प्रधानमन्त्री भएपछि यो संसद्को दोस्रो अधिवेशन हो। उनले अहिलेसम्म बोलेका छैनन्। अघिल्लो अधिवेशनमा नबोलेका उनी सोमबार नयाँ अधिवेशन सुरु हुँदा पहिलो बैठकमा त उपस्थित नै भएनन्। सोमबार दिउँसो २ बजे बसेको प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री उपस्थित थिएनन्। उनको तर्फबाट कानुनमन्त्रीले अध्यादेशहरू पेश गरेकी थिइन्।

दोस्रो बैठकमा राष्ट्रपतिले नीति तथा कार्यक्रम पेश गर्ने कार्यसूची थियो। उनी बैठकमा उपस्थित भएर नीति तथा कार्यक्रमको फाइल चाहिँ राष्ट्रपतिलाई बुझाए। तर अन्त्यसम्म बैठकमा बस्ने धैर्यता राखेनन्। संसद् यतिकै पनि मर्यादित र परम्परा अनुसार चल्ने ठाउँ हो। त्यसैले राष्ट्रप्रमुखलाई विशेष सम्मानका साथ बाहिरबाट संसदको हलसम्म लैजाने र रोस्ट्रमलाई पनि सुसज्जित बनाइन्छ। विगतकै जस्तो परम्परामा राष्ट्रपतिलाई पनि संसद्मा लगिएको थियो। गरिमामय दुवै सदनको बैठकमा राष्ट्रपतिले नीति तथा कार्यक्रम पढे। तर, बीचमा प्रधानमन्त्री उठेर हिंडे।

संसदीय मामिलाका जानकाहरूका अनुसार यस्तो बैठकमा राष्ट्रपतिलाई सुरूमा सभामुख र राष्ट्रिय सभा अध्यक्षले संसदमा स्वागत गर्छन्। तर सरकारको कार्यक्रम पढेर राष्ट्रपति बाहिरिँदा प्रधानमन्त्रीसहितले विदाइ गर्ने चलन हो। यो सबै चलन र परम्परा प्रधानमन्त्रीले बेवास्ता गरे। प्रतिपक्षी दल नेकपा एमालेले राष्ट्रपति रामचन्द्र पौडेलले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा प्रधानमन्त्री बालेन शाहले बैठक छोडेर हिंडेकोप्रति आपत्ति जनाएको छ।

संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले नीति तथा कार्यक्रम पढिरहँदा प्रधानमन्त्री शाह बीचमै उठेर हिंडेका थिए।

» *बाँकी २ पेजमा*

# सरकारी विज्ञापन समानुपातिक वितरण गर्न माग




बुटवल। प्रेस स्वतन्त्रता, श्रमजीवि पत्रकारको अधिकार र सञ्चार क्षेत्रको संरक्षणका पक्षमा विभिन्न माग राख्दै मिडिया मन्थन तथा राष्ट्रिय सञ्चार सम्मेलन - २०८३ बाट १५ बुँदे बुटवल घोषणापत्र जारी गरिएको छ। नेपाल पत्रकार महासंघ रुपन्देहीले बैशाख २६ देखि २८ गतेसम्म बुटवलमा आयोजना गरेको सम्मेलनले संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता तथा पूर्ण प्रेस स्वतन्त्रताको रक्षा, प्रवर्द्धन र पालना गर्न महासंघ प्रतिबद्ध रहेको जनाएको छ। घोषणापत्रमा श्रमजीवि पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन, न्यूनतम पारिश्रमिक सुनिश्चितता तथा सञ्चारगृहलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन कानुनी व्यवस्था गर्न माग गरिएको छ।

सम्मेलनले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्रै सीमित गर्ने सरकारको हालैको निर्णय तत्काल फिर्ता लिन माग गरेको छ। यस्तो नीति प्रेस स्वतन्त्रतामाथिको अप्रत्यक्ष नियन्त्रणको प्रयास भएको ठहर गर्दै निजी तथा सामुदायिक सञ्चारमाध्यम आर्थिक रूपमा कमजोर बन्ने र सयौं पत्रकार तथा सञ्चारकर्मीको रोजगारी संकटमा पर्ने उल्लेख गरिएको छ।

त्यस्तै, सरकारी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउन तथा निजी, सामुदायिक र सरकारी सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण गर्न सम्मेलनले आग्रह गरेको छ। प्रदेश र स्थानीय तहले सञ्चारसम्बन्धी आवश्यक कानुन निर्माणमा चासो नदिएको उल्लेख गर्दै सम्मेलनले संघीयताको मर्मअनुसार सञ्चारसम्बन्धी कानुन निर्माण गर्न माग गरेको छ। साथै त्यस्ता कानुन बनाउँदा सरोकारवालासँग पर्याप्त छलफल र परामर्श गर्नुपर्नेमा जोड दिइएको छ।

सामाजिक सञ्जालमार्फत् फैलिने गलत र भ्रामक सूचनाले सञ्चार क्षेत्र र समाज प्रभावित बनेको भन्दै सम्मेलनले त्यस्ता प्लेटफर्मलाई निरुत्साहित गरी व्यवसायिक सञ्चारमाध्यमलाई प्रोत्साहन गर्न आग्रह गरेको छ। घोषणापत्रमा पत्रकारका लागि सञ्चार उपकरण खरिदमा सहुलियतको व्यवस्था गर्न प्रदेश तथा स्थानीय सरकारसँग माग गरिएको छ भने जिम्मेवार र आचारसंहिताप्रति संवेदनशील पत्रकारिता गर्न सम्पूर्ण सञ्चारकर्मीलाई आह्वान गरिएको छ। सम्मेलनले लुम्बिनी प्रदेश सरकारले गठन गरेको सञ्चार समन्वय परिषद्लाई प्रभावकारी बनाउन आवश्यक कानुनी व्यवस्था गर्न तथा स्वीकृत सञ्चारसम्बन्धी कार्यक्रम, योजना र बजेट तत्काल कार्यान्वयन गर्न पनि माग गरेको छ। पत्रकारिता क्षेत्रको अध्ययन तथा अनुसन्धानका लागि बुटवलमा सञ्चार संग्रहालय स्थापना गर्न नेपाल पत्रकार महासंघ रुपन्देहीले पहल गर्ने घोषणासमेत गरिएको छ।

त्यसैगरी भूमिहीन तथा सुकुम्वासी बस्तीमा डोजर चलाएर विस्थापित गर्ने कार्य रोक्न र प्रभावितलाई वैकल्पिक व्यवस्था गर्न सम्मेलनले सरकारसँग माग गरेको छ। रुपन्देहीको आर्थिक विकासका लागि लगानीमैत्री वातावरण निर्माण, लुम्बिनी, जितगढी किल्ला, मणिमुकुन्द सेन उद्यान र सिद्धबाबा मन्दिरलगायत ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि विशेष योजना बनाएर कार्यान्वयन गर्न तीनै तहका सरकारसँग सम्मेलनले आग्रह गरेको छ।

सम्मेलनको घोषणापत्र उप-समितिका संयोजक पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखरेल रहेका थिए।




# सम्पादकीय

## नीति तथा कार्यक्रमले गर्ने मार्गनिर्देश

सरकारले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम ल्याएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम संसदको संयुक्त बैठकमा प्रस्तुत गरेका छन्। नीति तथा कार्यक्रम अनुसार बजेट आउने भएकाले यसलाई महत्वका साथ लिइन्छ। सरकारले आगामी आबको बजेटमा कुन कुन विषयलाई महत्व दिन्छ भन्ने मार्गनिर्देश नीति तथा कार्यक्रमले दिएको हुन्छ।

नीति तथा कार्यक्रममा केही नयाँ विषय अघि सारिएको छ भने केही पूरानालाई नै निरन्तरता दिइएको छ। नीति तथा कार्यक्रममा करको दायरा विस्तार गर्ने नीति लिँदै सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा अनिवार्य आबद्धता गर्ने तयारी गरेको छ। अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा रुपान्तरण गर्ने लक्ष्य लिदै  डिजिटल प्लेटफर्ममा सबै आर्थिक कारोबारलाई आवद्ध गरी नगदरहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्रको औपचारिक सुरुवात गर्ने विषय स्वागतयोग्य छ।

कर संरचनाको पुनरावलोकन समेत हुँदैछ। यो नीति उद्यमी तथा मध्यमवर्गीय परिवारमाथिको बोझ घटाउने छ। करको दायरा विस्तार गर्ने तर बोझ घटाउने योजना कार्यान्वयन गर्न सके सरकारप्रति नागरिकको सकारात्मक अपनत्व बढ्ने छ। छरिएर रहेका विभिन्न प्रकारका करलाई अब एकीकृत रुपमा हरित कर प्रणालीमा रुपान्तरण गर्ने घोषणा समेत गरेको छ। अहिले सरकारले प्रदूषण, पूर्वाधार र अन्य विभिन्न नाममा कर संकलन गर्ने गर्छ। सरकारले विभिन्न देशसँग दोहोरो करमुक्ति सम्झौता विस्तारको योजना नीति तथा कार्यक्रममा समेटेको छ।

सरकारले पर्यटन सम्भावना भएका क्षेत्रमा सडक पहुँच विस्तार, राजमार्ग स्तरोन्नति, वैकल्पिक मार्ग निर्माण तथा राजमार्ग सेवा केन्द्र विकास गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने नीति लिएको छ। सरकारले हुलाकी, पुष्पलाल तथा उत्तर-दक्षिण राजमार्गलगायत राष्ट्रिय सडक सञ्जालको स्तरोन्नति र विस्तारलाई तीव्रता दिने योजना अघि सार्नु सकारात्मक छ। त्यसैगरी, सरकारले अब जलविद्युत् आयोजना प्रभावितहरूलाई मुआब्जाको सट्टा सेयर दिने विकल्प अघि सारेको छ। त्यस्तै, सरकारले आगामी दशकमा ३० हजार मेगावाट जलविद्युत् उत्पादनको लक्ष्य लिएको छ। यसको लागि ऊर्जा, भूमी, वन तथा वातावरणसम्बन्धी कानुन परिमार्जन गरि एकद्वार प्रणाली लागु गरिने भएको छ।

बाली लगाउन अगावै सरकारले न्यूनतम समर्थन मूल्य तोक्ने नीति तथा कर्याक्रममा उल्लेख छ। बाली लगाउन अगावै प्रमुख कृषि बालीको न्यूनतम समर्थन मूल्य तोकी प्रभावकारी रुपमा कार्यान्वयन गरिने योजना सरकारले अघि सारेको छ। उनले समर्थन मूल्यको कार्यान्वयन तथा भुक्तानी प्रणालीलाई डिजिटल बनाउँदै रकम सिधैं बैंक खातामा जम्मा हुने व्यवस्था अघि सारिएको छ।

नीति तथा कार्यक्रमले बजेटलाई मार्गनिर्देश गर्छ। बजेट नीति तथा कार्यक्रम अनुसार ल्याउने हो भने सरकार नतिजामुखी बाटोमा अघि बढ्छ। तर नीति तथा कार्यक्रम एकातिर बजेट अर्कोतिर आउने गर्दा विकास आशा र अपेक्षा अनुसार नतिजामुखी हुन सकेको छैन। सरकारले निर्धारण गरेको लक्ष्य र योजना कार्यान्वयन गर्न पनि सकस पर्ने गर्छ। आशा गरौं, सरकारले नीति तथा कार्यक्रमलाई परम्परा धान्ने काम नठानी वास्तवमै बजेटको मार्गनिर्देश मान्ने छ। स्रोतको सीमितताबिच नागरिकका चुलिएका अपेक्षा पूरा गर्न सरकार प्रतिबद्ध छ भन्ने पुष्टि गर्ने छ।

**लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, डिभिजन वन कार्यालयद्वारा खोला खोल्सी व्यवस्थापन प्रस्तावको वातावरणीय अध्ययन सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८३/०१/२५)

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, डिभिजन वन कार्यालयद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः डिभिजन वन कार्यालय, तौलिहवा, कपिलवस्तु<br>इमेलः dfokapilvastu@gmail.com<br>ठेगानाः तौलिहवा, कपिलवस्तु<br>फोन नं. : ९८५७०७१०१४ |
| प्रस्तावको व्यहोरा | कपिलवस्तु जिल्ला विभिन्न वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन कार्यक्रम अन्तर्गत बाणगंगा-८, चिंगीघाट सा.व.भएर बग्ने बाणगङ्गा खोला, बाणगंगा-०९ खोजिपुर सा.व. भएर बग्ने कोइली खोला, बाणगंगा-९ अमृते सा.व. भएर बग्ने धिरी खोला र बुद्धभुमि नगरपालिका वार्ड न. १ स्थित हरिओम सा.व. भएर बग्न कोन्द्रे खोला तथा नवजागृति सा.व. तथा मायादेवी साझेदारी वन भएर बग्ने कोठी खोलाको विभिन्न क्षेत्रबाट नदीजन्य पदार्थ व्यवस्थापन तथा संकलन कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | कपिलवस्तु जिल्ला / बाणगंगा नगरपालिकार बुद्धभुमि नगरपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न नगरपालिका, वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरीएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा तिनाउ गाउँपालिका वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः डिभिजन वन कार्यालय, तौलिहवा, कपिलवस्तु<br>इमेलः dfokapilvastu@gmail.com<br>फोन नं.:९८५७०७१०१४ |
| परामर्शदाताको नाम र ठेगाना | युनिभर्सल इन्जिनीयरिंग कन्सल्टेन्ट एण्ड बिल्डर्स, तिलोत्तमा-०५, रुपन्देही<br>इमेलः uecb2017@gmail.com<br>सम्पर्क नंः ९८६७१८९०५१ |

# आर्थिक रूपान्तरणका लागि कार्यान्वयनमा केन्द्रित बजेट



ईन्द्रप्रसाद भुसाल

नेपाल सरकार आगामी आर्थिक वर्षको बजेट निर्माणको महत्त्वपूर्ण चरणमा प्रवेश गरेको छ। वर्तमान आर्थिक परिवेश चुनौतीपूर्ण छ। राजस्व संकलन अपेक्षाभन्दा कम, सार्वजनिक खर्चको दायित्त्व बढ्दो, निजी क्षेत्रको आत्मविश्वास कमजोर र आर्थिक वृद्धिदर न्यून अवस्थामा तयार हुन लागेको बजेट केवल औपचारिक दस्ताबेज नभई देशको आर्थिक दिशा तय गर्ने मार्गचित्रको रुपमा आउनुपर्ने आम सरोकारवालाको अपेक्षा छ। त्यसैले यस वर्षको बजेटको आकार, प्रभावकारितालाई ध्यान दिँदै बजेट कार्यान्वयनमुखी हुनुपर्ने आवश्यकता स्पष्ट देखिन्छ। यद्यपि, बजेट निर्माणको आधारभूत चुनौती भनेको सीमित स्रोत र बढ्दो दायित्वबिच सन्तुलन कायम गर्नु हो। राष्ट्रिय योजना आयोगले करिब १८ खर्ब ९० अर्ब रुपैयाँको बजेट सीमा निर्धारण गरेको छ भने राजस्व संकलन करिब ११ खर्ब ८० अर्ब रुपैयाँमा सीमित छ। अर्कोतर्फ, अनिवार्य दायित्व १३ खर्ब ३० अर्ब रुपैयाँ पुगिसकेको छ। यस अवस्थाले सार्वजनिक वित्तमा गम्भीर दबाब सिर्जना गरेको छ, जसले बजेटलाई यथार्थपरक बनाउनुपर्ने आवश्यकता झनै बलियो बनाएको छ।

हालै नेपाल आर्थिक पत्रकार समाजद्वारा आयोजित 'जग बसाल्ने बजेट' शीर्षकको छलफल कार्यक्रममा अर्थमन्त्री स्वर्णिम वाग्लेले बजेटलाई सरल, स्पष्ट र दिशानिर्देशक बनाउनुपर्नेमा जोड दिएका छन्। उनका अनुसार बजेट अनावश्यक रूपमा जटिल हुनु हुँदैन; यसले अर्थतन्त्रलाई कुन दिशामा लैजान्छ भन्ने कुरा स्पष्ट रूपमा देखाउनुपर्छ। उनले बजेटको प्रभाव व्यापक हुने भएकाले यसको संरचना र प्राथमिकता अत्यन्त सावधानीपूर्वक निर्धारण गर्नुपर्ने बताएका छन्। यही सन्दर्भमा पूर्व अर्थमन्त्री रामेश्वर खनालले बजेटको आकारभन्दा यसको कार्यान्वयन क्षमतालाई प्राथमिकता दिनुपर्ने बताएका छन्। उनका अनुसार कार्यान्वयन गर्न नसकिने ठूलो बजेट बनाउनु व्यावहारिक हुँदैन। उनले कर नीतिमा स्थिरता आवश्यक रहेको उल्लेख गर्दै निजी क्षेत्रसँग सहकार्य बिना आर्थिक लक्ष्य हासिल गर्न नसकिने स्पष्ट पारेका छन्।

नीतिगत सन्तुलनको पक्षलाई थप स्पष्ट पार्दै राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष गुणाकर भट्टले कर नीतिमा अत्यधिक उतारचढाव नगरी सन्तुलित दृष्टिकोण अपनाउनुपर्ने बताएका छन्। उनका अनुसार अत्यधिक कर वृद्धि वा कटौती दुवैले आर्थिक प्रणालीलाई असन्तुलित बनाउन सक्छ। त्यसैले कर नीति स्थिर, पारदर्शी र दीर्घकालीन दृष्टिकोणमा आधारित हुनुपर्छ।

अर्थतन्त्रको गतिशीलता निजी क्षेत्रसँग गहिरो रूपमा जोडिएको छ। तर हाल निजी क्षेत्र "पर्ख र हेर" को अवस्थामा रहेको छ।  नीतिगत अस्पष्टता र अस्थिरताले निजी लगानीलाई निरुत्साहित गरेको छ। यसैले बजेटले निजी क्षेत्रलाई विश्वास दिलाउने, लगानीमैत्री वातावरण सिर्जना गर्ने, र स्पष्ट नीतिगत संकेत दिने काम अनिवार्य गर्नु पर्दछ। सार्वजनिक-निजी साझेदारी (PPP) मोडललाई प्रभावकारी रूपमा लागू गर्न सकेमा ठूला परियोजनाहरूमा लगानी बढाउन सकिन्छ। पूर्वाधार विकासमा निजी क्षेत्रको सहभागिता बढाउन सके बजेटको सफल कार्यान्वयन हुन सक्छ। यसले सरकारको सीमित साधन तथा स्रोतलाई पूरक सहयोग पुऱ्याउनुका साथै विकासको गति पनि तीव्र बनाउन सक्छ। आर्थिक तथा सामाजिक विकासका लागि केवल नीति निर्माण मात्र पर्याप्त हुँदैन; कार्यान्वयन पक्ष अझ महत्वपूर्ण हुन्छ। नेपालमा बजेट कार्यान्वयन सधैं कमजोर रहँदै आएको इतिहास छ। पुँजीगत खर्चको न्यून कार्यान्वयन दर, प्रशासनिक ढिलासुस्ती, र समन्वय अभावले योजनाहरू अपेक्षित रूपमा अघि बढ्न सकेका छैनन्। पूर्व अर्थसचिव रामप्रसाद घिमिरेले विगतका बजेटहरुको कार्यान्वयन पक्षलाई औंल्याउँदै नीति कार्यान्वयनमा सुधार नगरी बजेट प्रभावकारी हुन नसक्ने बताएका छन्। उनले वर्तमान सरकारले तत्काल लाभ नदिने र प्राथमिकता विहीन आयोजनामा लगानी नगर्न सुझाव दिएका छन्। उद्योग क्षेत्रको दृष्टिकोणबाट हेर्दा पनि बजेटको कार्यान्वयन पक्ष नै प्रमुख समस्या बनेको छ। निजी क्षेत्रका प्रतिनिधिहरु (NCCI, CNI, NCC) का सार्वजनिक धारणामा नेपालको बजेट कार्यान्वयन दर न्यून रहेको तथ्य प्रस्तुत गर्दै सुधार आवश्यक रहेको बताएका छन्। साथै चोरी पैठारी नियन्त्रण गर्न नसक्दा स्वदेशी उद्योग प्रभावित भएको उनीहरुको भनाइ छ। त्यसकारण बजेटले स्वदेशी उद्योगको संरक्षण र व्यापार सन्तुलनमा पनि ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ।

कर प्रणाली सुधारको विषय पनि यस वर्षको बजेटको केन्द्रमा रहनुपर्ने देखिन्छ। उच्च कर दरले उत्पादन र लगानीलाई निरुत्साहित गरेको छ भने कच्चा पदार्थभन्दा तयारी वस्तुमा कम कर लाग्ने संरचनाले स्वदेशी उद्योगलाई कमजोर बनाएको छ। अर्थमन्त्री वाग्लेले यस अवस्थालाई सुधार गर्ने संकेत दिएका छन्। काठमाडौं विश्वविद्यालय अर्थशास्त्रका पूर्व प्राध्यापक अर्थविद् तथा गभर्नर विश्वनाथ पौडेलका अनुसार उच्च कर दरका कारण अनौपचारिक अर्थतन्त्र आकर्षक गर्दै यसले समग्र आर्थिक पारदर्शितालाई पनि असर गरिरहेको बताउँछन्। अनौपचारिक अर्थतन्त्रलाई औपचारिक क्षेत्रमा ल्याउन डिजिटल प्रणालीको प्रयोग अत्यन्त महत्वपूर्ण मानिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पूर्व अध्यक्ष सुदर्शनराज पाण्डेले कर प्रणालीलाई सरल, पारदर्शी र डिजिटल बनाउने सुझाव दिएका छन्। फेसलेस कर प्रणाली, डिजिटल भुक्तानी र स्वचालित प्रक्रिया अपनाउन सकेमा कर प्रशासन प्रभावकारी बन्न सक्छ।

दीर्घकालीन आर्थिक विकासका लागि शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी अपरिहार्य छ। नेपालको मानव विकास सूचकांक सुधार गर्न यी क्षेत्रहरूमा पर्याप्त बजेट विनियोजन आवश्यक छ। गुणस्तरीय शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम, र सर्वसुलभ स्वास्थ्य सेवा दीर्घकालीन समृद्धिको आधार हुन्।

त्यसैले बजेटले १६औं योजनाका लक्ष्यहरूसँग तालमेल राख्दै मानव पुँजी विकासमा विशेष ध्यान दिनुपर्ने छ। बजेट निर्माण प्रक्रियामा साधन तथा स्रोतको सीमिततालाई ध्यानमा राख्दै प्राथमिकता निर्धारण गर्नु अत्यन्त आवश्यक छ। सबै क्षेत्रमा समान रूपमा लगानी गर्नु सम्भव नभएता पनि उच्च प्रतिफल दिने, रोजगारी सिर्जना गर्ने र आयात प्रतिस्थापन गर्ने क्षेत्रमा लगानी केन्द्रित यस वर्षको प्रमुख उद्देश्य बन्नुपर्दछ।  विषेश गरी पर्यटन, जलविद्युत् र कृषि क्षेत्रमा लगानी बढाउनु पर्ने अपरिहार्य छ, जसबाट आर्थिक आत्मनिर्भरता बढाउन महत्त्वपूर्ण भूमिका पुग्नेछ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष गुणाकर भट्टकाअनुसार नीतिगत अस्थिरता  बजेट  कार्यान्वयनको अर्को प्रमुख चुनौती हो। सरकारका नीतिको अस्थिरताले लगानी वातावरण प्रभावित भएका छन्। त्यसैले ठूलो बजेटभन्दा कार्यान्वयनमा केन्द्रित "स्मार्ट बजेट" अहिलेको आवश्यकता हो। बजेटको गुणस्तरलाई आकारभन्दा माथि राख्नुपर्ने बजेट निर्माणको सैद्धान्तिक मान्यता हो। जनताको रगत र पसिनाबाट आर्जित सरकारी आम्दानीलाई न्यायोचित रूपमा वितरण गरी आम नागरिकलाई प्रत्यक्ष लाभान्वित गराउनु लोकतान्त्रिक गणतान्त्रिक सरकारको प्रमुख दायित्त्व हो। बजेट निर्माण प्रक्रिया कुनै पनि प्रकारको भनसुन, पहुँच वा राजनीतिक प्रभावबाट मुक्त रहनुपर्छ। ठूला पहुँच भएका व्यक्ति, नेता तथा कार्यकर्ताहरूको दबाबबाट बजेट प्रभावित हुन नदिई, सिंहदरबारमाकेन्द्रित अधिकारहरू पारदर्शी ढंगले स्थानीय तहसम्म प्रवाह हुने व्यवस्था सुनिश्चित गरिनुपर्छ। सङ्घीय विज्ञडा. खिमलाल देवकोटाका अनुसार बजेट विनियोजन गर्दा देशका सबै ७५३ वटै स्थानीय तहमा सन्तुलित र न्यायपूर्ण वितरण सुनिश्चित हुनुपर्ने कुरामा जोड दिन आवश्यक छ। साथै, आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशलाई विशेष प्राथमिकताका साथ 'स्पेशल क्याटेगोरी स्टेट' का रूपमा हेरी छुट्टै बजेट व्यवस्था गरिनु आवश्यक रहेको विचार सङ्घीय विज्ञ डा. देवकोटाले व्यक्त गरेका छन्।



विश्वका उत्कृष्ट बजेटहरुले पारदर्शिता, समावेशिता, उत्तरदात्वि र परिणाममुखी खर्चका सिद्धान्तलाई स्थापित गरेका छन्। Performance Based Budgeting मोडेलले बजेटलाई स्पष्ट नतिजासँग जोडेर खर्चको प्रभावकारिता बढाउँछ भने Participatory budgeting ले नागरिकको प्रत्यक्ष सहभागितामार्फत् प्राथमिकता निर्धारण गर्दछ। नेपालको बजेटलाई उत्कृष्ट बनाउन योजनाहरुलाई नतिजासँग बाध्ने स्थानीय तहमा जनसहभागिता बढाउने, डिजिटल प्रणालीमार्फत् पारदर्शिता र निगरानी सुदृढ गर्ने तथा राजनीतिक प्रभावभन्दा तथ्य र आयश्कतालाई आधारित वितरण सुनिश्चित गर्ने आवश्यक छ। सिद्धान्त र व्यवहारको समन्वयले बजेटलाई प्रभावकारी र जनमुखी बनाउन सक्दछ।

अन्ततः, यस वर्षको बजेटले विश्वास पुनःस्थापित गर्ने अवसरका रूपमा काम गर्नुपर्छ। सरकार, निजी क्षेत्र, र आम नागरिकबीचको सम्बन्धलाई सुदृढ बनाउने नीति आवश्यक छ। स्पष्टता, स्थिरता, र पारदर्शिता बिना आर्थिक सुधार सम्भव हुँदैन।

यस सन्दर्भमा बजेटले यथार्थपरकता, नीतिगत स्थिरता, कार्यान्वयन क्षमता, निजी क्षेत्रसँग सहकार्य, र मानव विकासमा लगानी जस्ता पाँच आधारहरुलाई केन्द्रमा राख्नु पर्दछ। आर्थिक वर्ष २०८३/८४ को बजेटले आधारभूत तथ्यहरुलाइ आत्मसात् गर्दै बजेट तयार पार्न सक्यो भने नेपालको अर्थतन्त्रले दिगो र समावेशी विकासको बाटो समात्ने  छ। अन्यथा, बजेट फेरि पनि कागजमै सीमित रहने जोखिम रहिरहन्छ। त्यसैले यसपटकको बजेटले केवल अंकहरूको हिसाब होइन, विश्वास, सम्भावना, र भविष्यको मार्गचित्र कोर्न सक्नु पर्छ।

**कस्तो...**

सरकारले स्वास्थ्य बिमा कार्यक्रमको पुनर्संरचना गर्ने बताएको छ। अहिले स्वास्थ्य बिमाको लागि पैसा जुटाउन नसक्दा यो कार्यक्रम नै अलपत्र परिरहेको छ। नागरिकले बिमा गरे पनि उपचार सुविधा पाउन सकेका छैनन्। स्वास्थ्य उपचार सेवा दिएका स्वास्थ्य संस्थाले पनि अर्बौं रुपैयाँ भुक्तानी पाएका छैनन्।

अब भने सरकारले यो कार्यक्रमलाई पुनर्संरचना गरेर चलाउने भएको छ। पुनर्संरचना कसरी गर्ने भन्ने विस्तृतमा भने सरकारको नीति तथा कार्यक्रममा उल्लेख भएको छैन।

सरकारले १० हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट सेवा दिने घोषणा गरेको छ।

संघीय संसदको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ को सरकारको नीति तथा कार्यक्रमबाट सरकारले विद्यालयले इन्टरनेट सेवा दिने बताएको हो। 'उच्च शिक्षालाई श्रमबजारसँग आवद्ध गर्दै विश्वविद्यालयको प्राज्ञिक तथा शासकीय पुनर्संरचना गरिनेछ।

१० हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट, डिजिटल सामाग्री र कृतिम बृद्धिमतामा आधारित सिकाई प्रणाली विस्तार गरिनेछ।'- सरकारको नीति तथा कार्यक्रममा भनिएको छ। सरकारले आगामी आर्थिक वर्ष भित्र आर्थिक वर्ष भित्र सडक बालबालिका मुक्त घोषणा गन घोषणा गर्ने नीति तथा कार्यक्रम ल्याएको छ।

'असहाय, अशक्त र जोखिममा परेका नागरिकको समुदायमै संरक्षण तथा पूर्नस्थापना सेवाको व्यवस्था गरिने छ,' नीति तथा कार्यक्रममा भनिएको छ। त्यसैगरी अपांगता भएका व्यक्तिलाई उतमशीलता र रोजगारमुलक सीप प्रदान गरी आत्मनिर्भर बनाइने संसदमा राष्ट्रपति रामचन्द्र पौडेलले सुनाएका छन्।

सरकारले देशको अर्थतन्त्रलाई आधुनिक, पारदर्शी र प्रविधिमैत्री बनाउने योजना ल्याएको छ।

संघीय संसदको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ को सरकारको नीति तथा कार्यक्रममा आगामी वर्ष डिजिटल अर्थतन्त्रको विस्तार र राजस्व चुहावट नियन्त्रणलाई मुख्य प्राथमिकतामा राख्ने बताइएको छ।

राष्ट्रपतिले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा भनिएको छ-'सबै आर्थिक कारोबारलाई डिजिटल प्लाटफर्ममा आबद्ध गरी, नगद नगदरहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्रको औपचारिकीकरण गरिनेछ।'

करदाताहरूलाई सहजता प्रदान गर्न मूल्य अभिवृद्धि कर (भ्याट) लगायत सबै प्रकारका कर फिर्ता गर्ने प्रणालीलाई स्वचालित र समयबद्ध बनाइने नीतिमा उल्लेख छ। वित्तीय सुशासन कायम गर्न र आधुनिक डिजिटल अर्थव्यवस्थालाई नीति तथा कार्यक्रममा विशेष जोड दिएर उल्लेख गरिएको छ।

वैदेशिक व्यापारमा हुने अनियमितता रोक्न भन्सार नाकाहरूमा हुने न्यून बिजकीकरणलाई कडाइका साथ नियन्त्रण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। सरकारले राष्ट्रिय योजना आयोगको पुनसंरचना गर्ने कार्यक्रम ल्याएको छ।

आगामी आर्थिक वर्ष २०८३/८४ को सरकारको नीति तथा कार्यक्रममा योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचना गर्ने उल्लेख छ। नीति तथा कार्यक्रममा भनिएको छ-'नीति तथा योजना निर्माणलाई तथ्य र प्रमाणमा आधारित बनाउन राष्ट्रिय योजना आयोग तथा नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचना गरी अनुसन्धान र अनुगमनमा केन्द्रित सक्षम र विश्वसनीय सार्वजनिक थिंकट्यांक तथा राष्ट्रिय नीति शोधशालाको रुपमा विकास गरिनेछ।'

राष्ट्रिय तथ्यांक प्रणालीको सामयिक पुनर्संरचना गरी सुदृढ बनाइने कार्यक्रम सरकारले ल्याएको छ।

**बिचैमा...**

उनले बिचमै छाडेर हिंड्नुप्रति आपत्ति जनाउँदै एमालेका सांसद गुरु बरालले नीति तथा कार्यक्रममा प्रधानमन्त्रीको स्वामित्व के हुने भन्दै प्रश्न गरे।

'राष्ट्रपतिज्यूले नीति र कार्यक्रम प्रस्तुत गरिरहनुभएको छ। देशको प्रधानमन्त्रीज्यू जसले यो टेबुल गर्ने प्रक्रियामा हुनुहुन्थ्यो। उहाँले बीचैमा बहिष्कार गरेर हिंड्नुभएको हामीले देख्यौं,' सांसद बरालले भने-'यसले यो नीति र कार्यक्रमप्रतिको उहाँको अनरसिप (स्वामित्व) के हो ? यो संसद्ले बुझ्न चाहन्छ।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का प्रमुख सचेतक युवराज दुलालले राष्ट्रपतिले नीति तथा कार्यक्रम पढ्दा पढ्दै उठेर हिँड्नु प्रधानमन्त्री बालेन शाहका निम्ति लज्जाको विषय भएको बताएका छन्।

बैठकपछि सांसद दुलालले भने-'राष्ट्रपतिले पढ्दा पढ्दै हिँड्नु भनेको अस्वभनीय हर्कत नै हो। संसदमा आफैंले हस्तान्तरण गरेको प्रति पढ्दै गर्दा छोडेर हिँड्नु त अलिकति लज्जाकै विषय हो।'

प्रधानमन्त्रीलाई नै नीति तथा कार्यक्रम सुन्न 'बोर' लागेको हुन सक्ने भनेर पनि उनले टिप्पणी गरे। उनले भनेका छन्-'आफैंले बनाएको नीति तथा कार्यक्रम राष्ट्रपतिले पढिनसक्दै प्रधानमन्त्री पनि सायद बोरै लागेर होला संसद्को हलै छोडेर हिँड्नु पर्ने स्थिति आयो।' आफूले अपेक्षा गरे जस्तो नीति तथा कार्यक्रम पनि आउन नसकेको उनले बताए।

'नयाँ सरकार बनेको र नयाँ नीति तथा कार्यक्रम नयाँ तरिकाले आउँछ होला भनेको तर त्यस्तो भएन,' उनले भने- 'नयाँ सुन्ने अपेक्षा र सपना अधुरै रह्यो।'

कतिपय कुरा परम्परागत हुनु पनि राम्रो हुने उल्लेख गर्दै उनले थपे, 'प्रारम्भिक रूपमा सम्पूर्ण रूपमा नराम्रो भन्दिनँ। तर नयाँ केही आउँछ भन्ने आशा थियो त्यो आएन। नयाँ शब्द सुन्न पाइएन। कतै ऊर्जा हराएको नीति तथा कार्यक्रम जस्तो लाग्यो।'

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

# Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्य क्षेत्र भएको )
केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रूपन्देही
फोन नं. ०७१-४३८१७१, Email : info@jucbank.com.np; Web : www.jucbank.com.np

## Unaudited Interim Financial Statement

### Condensed Statement of Financial Position

As on Third Quarter ended 30 Chaitra 2082 (13/04/2026)

Amount NRs.

| Particulars | This Quarter Ending | Immediate previous year ending |
|---|---|---|
| Assets | | |
| Cash and Cash Equivalents | 132,016,009 | 214,295,293 |
| Statutory Balances & due from Nepal Rastra Bank | 11,266,829 | 11,266,829 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Co-operatives | - | - |
| Loans and Advances to Customers | 2,090,395,385 | 2,113,396,006 |
| Investment Securities | - | - |
| Current Tax Assets | 2,943,534 | - |
| Investment Property | - | - |
| Property and Equipment | 23,485,218 | 27,551,060 |
| Goodwill and Intangible Assets | 169,500 | 203,400 |
| Deferred Tax Assets | 18,312,821 | 18,312,822 |
| Other Assets | 24,151,561 | 40,991,966 |
| **Total Assets** | **2,302,740,857** | **2,426,017,376** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,023,442,029 | 954,783,503 |
| Borrowings | 908,166,596 | 1,096,814,967 |
| Current Tax Liabilities | - | 16,301,969 |
| Provisions | 23,148,286 | 12,691,542 |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 57,273,004 | 64,982,709 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| Total Liabilities | 2,012,029,915 | 2,145,574,690 |
| **Equity** | | |
| Share Capital | 170,091,900 | 170,091,900 |
| Share Premium | | - |
| Retained Earnings | (1,285,766) | (10,147,730) |
| Reserves | 121,904,808 | 120,498,517 |
| **Total Equity** | **290,710,942** | **280,442,686** |
| **Total Liabilities and Equity** | **2,302,740,857** | **2,426,017,376** |

### Condensed Statement of Profit or Loss
Upto Chaitra End 2082

Amount NRs.

| Particulars | Current Year | | Previous year Correspounding | |
|---|---|---|---|---|
| | This Year Quarter | Upto This Quarter (YTD) | This Year Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 62,663,308 | 195,483,949 | 94,630,452 | 215,307,366 |
| Interest Expense | 30,367,919 | 98,402,324 | 38,119,495 | 124,396,275 |
| **Net Interest Income** | **32,295,388** | **97,081,625** | **56,510,957** | **90,911,090** |
| Fee and Commission Income | 6,225,799 | 16,121,772 | 4,194,928 | 15,607,094 |
| Fee and Commission Expense | 19,373 | 173,035 | 469,530 | 1,191,242 |
| **Net Fee and Commission Income** | **6,206,426** | **15,948,737** | **3,725,398** | **14,415,852** |
| **Net Interest, Fee and Commisson Income** | **38,501,815** | **113,030,361** | **60,236,355** | **105,326,942** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| **Total Operating Income** | **38,501,815** | **113,030,361** | **60,236,355** | **105,326,942** |
| Impairment Charge/ (Reversal) for Loans and Other Losses | 13,084,834 | 17,211,022 | 12,405,826 | 30,513,936 |
| **Net Operating Income** | **25,416,981** | **95,819,339** | **47,830,529** | **74,813,006** |
| **Operating Expense** | **25,008,489** | **81,078,584** | **23,319,350** | **71,881,865** |
| Personnel Expenses | 17,739,268 | 60,400,125 | 15,998,447 | 54,592,535 |
| Other Operating Expenses | 5,510,955 | 15,534,997 | 5,490,754 | 11,698,074 |
| Depreciation & Amortisation | 1,758,266 | 5,143,462 | 1,830,150 | 5,591,256 |
| **Operating Profit** | **408,492** | **14,740,755** | **24,511,180** | **2,931,141** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | - | - | 1,832,085 | 1,832,085 |
| **Profit Before Income Tax** | **408,492** | **14,740,755** | **22,679,095** | **1,099,056** |
| Income Tax Expense | 122,547 | 4,422,227 | 329,717 | 329,717 |
| Current Tax | 122,547 | 4,422,227 | 329,717 | 329,717 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Year** | **285,944** | **10,318,529** | **22,349,378** | **769,339** |
| **Profit Attributable to:** | | | | |
| Equity-holders of the Financial Institution | 285,944 | 10,318,529 | 22,349,378 | 769,339 |
| Non-controlling interest | | | | |
| **Profit for the Year** | **285,944** | **10,318,529** | **22,349,378** | **769,339** |

### Condensed Statement of Comprehensive Income

| **Particulars** | **Current Year** | | **Previous year Correspounding** | |
|---|---|---|---|---|
| | **This Year Quarter** | **Upto This Quarter (YTD)** | **This Year Quarter** | **Upto This Quarter (YTD)** |
| Profit for the period | 285,944.08 | 10,318,528.75 | 22,349,377.73 | 769,339.41 |
| Other Comprehensive Income | - | - | - | - |
| Total Comprehensive Income for the Period | 285,944.08 | 10,318,528.75 | 22,349,377.73 | 769,339.41 |
| Earnings per Share | | | | |
| Basic Earnings per Share | | 8.09 | | 0.60 |
| Diluted Earnings per Share | | 8.09 | | 0.60 |

### Ratios as per NRB Directives

| **Particulars** | **Current Year** | | **Previous year Correspounding** | |
|---|---|---|---|---|
| | **This Year Quarter** | **Upto This Quarter (YTD)** | **This Year Quarter** | **Upto This Quarter (YTD)** |
| Capital fund to RWA | | 8.75% | | 9.17% |
| Non-performing loan (NPL) to total loan | | 21.45% | | 6.52% |
| Total loan loss provision to Total NPL | | 31.63% | | 80.35% |
| Cost of Funds | | 6.10% | | 8.16% |
| Credit to Deposit and borrowing Ratio | | 108.22% | | 107.57% |
| Base Rate | | 11.96% | | 13.32% |
| Interest Rate Spread | | 7.30% | | 6.81% |

### Statement of Distributable Profit or Loss

| Particulars | Current Year Upto This Quarter (YTD) |
|---|---|
| Opening Retained Earnings Before Allocation (Adjusted) | (10,147,730) |
| Net profit or (loss) as per statement of profit or loss | 10,318,529 |
| Appropriations: | - |
| a. General reserve | (2,063,706) |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | (103,185) |
| e. Employees' training fund | - |
| f. Client Protection Fund | (206,371) |
| g. Other | - |
| Profit or (loss) before regulatory adjustment | - |
| Regulatory adjustment : | 7,945,267 |
| a. Interest receivable (-)/previous accrued interest received (+) | - |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | 916,697 |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | |
| h. Acturial loss recognised (-)/reversal (+) | |
| i. Other (+/-) | |
| Restructure Reserve | |
| **Distributable profit or (loss)** | **(1,285,766)** |
| **Annualized Distributable Profit/Loss Per Share** | **-1.01** |

Note:
1. The above unaudited financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institution of Charteard Acoountants of Nepal (ICAN).These figure may vary at the instances of statutory auditors and regulators .
2. The Loans and advance includes interest receivable & staff Loan and are presented net of impariment loss.
3. Acturial Valuation will be done on annual basis for Employee benefit.
4. Personnel Expenses includes staff bonus provision allocated as per rule .
5. Previous Period figures are regrouped/rearranged/restected wherever necessary for consistant presentaion and comparison.
6. The above figures are subject to change as per the direction of Regulators and of statutory auditors.
7. The detailed interim financial report has been published in our website http://www.Janauthan.com.np

**Interest Rate**

| | | | |
|---|---|---|---|
| Deposit | 7.2%-8.00% | Loan and Advance | 14% -14.44% |

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली , २०७३ को अनुसुची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित
### आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण :**
क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरणः- यसैसाथ प्रकाशित गरिएको छ।
ख. प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ८.०९ | १४१.५६ | १७०.९१ | १३५३.८२ | ४.५३% |

**२.व्यवस्थापकीय विश्लेषण:**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**
चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमा संस्थाको कर्जा विस्तार न्यून रहेको छ। वित्तीय क्षेत्रमा फैलाईएको नकारात्मक तथा भ्रामक सन्देशको कारणले समग्र देशकै बैंकिङ तथा लघुवित्त सेवा प्रभावित भएको छ। ऋणी सदस्य संख्या, सदस्यहरुबाट प्राप्त हुने बचत, कर्जा लगानी तथा कोष लागतमा भएको परिवर्तनले संस्थाको कारोबार, मौज्दात र आम्दानीमा परिवर्तन देखिएको छ। अघिल्लो आ.व.को सम्बन्धीत त्रैमासको तुलनामा यस आ.व.को तेस्रो त्रैमासमा संस्थाको नाफावृद्धि भएको छ। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम, तथा तरलता जोखिमलाई उच्च प्राथमिकता साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गदै आएको छ। आगामी दिनमा कर्जाको साँवा तथा ब्याज नियमित असुली हुने, निक्षेप परिचालनमा बृद्धि हुने तथा वित्तीय क्षेत्रमा देखिएको बाह्य समस्यामा क्रमश सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने व्यवस्थापनको अनुमान रहेको छ।

(ख) **आगामी अवधीको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**
वित्तीय संस्थाले आफ्नो ब्यवसायलाई प्रर्वद्धन गर्ने क्रममा संस्थाको कार्यक्षेत्र भित्र पर्ने १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरु स्थापना गरी वित्तीय पहुँचबाट वञ्चित समुदायहरुलाई बचत, कर्जा, विप्रेषण, बीमा तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विभिन्न सेवाहरु उपलब्ध गराउदै आइरहेको छ। संस्थाले ग्राहकको चाहना र आवश्यकतामा आधारित रही विभिन्न प्रकारका योजना सहितको सेवाहरु समय सापेक्ष थप परिमार्जन गर्दै जाने रणनीति लिएको छ। वित्तीय संस्थामा आवद्ध सदस्यहरुको आय आम्दानीमा बृद्धि गरि आर्थिक रुपले सक्षम र सवल बनाउनको लागि विभिन्न खालका सीप तथा उद्यमशिलता सम्वन्धी तालिमहरु तथा वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु योजनाबद्ध रुपले प्रदान गरिएको छ। वित्तीय संस्थामा आवद्ध समुह सदस्यहरुले गर्ने दैनिक कारोवारहरुको जानकारी मोवाईलबाट नै प्रदान गर्ने मूख्य उद्देश्यले एस.एम.एस बैकिङ्ग सेवा सूचारु गरिएको छ। बास्तविक समस्यामा परेका सदस्यलाई ब्याज छुट गर्ने र व्यवसाय पुनरउत्थानका लागी क्षमता अभिबृद्धि तालिम तथा वित्तीय परामर्श दिदै जाने योजना रहेको छ। ग्राहकको विश्वसनियता र पारदर्शितालाई ध्यानमा राखि नविनतम प्रविधिहरुको प्रयोग गरि वित्तीय सेवाहरुलाई ग्राहकमुखि बनाउदै लगिनेछ। आर्थिक वर्ष २०८२/०८३ देखि आधार दर (Base Rate) को आधारमा ब्याजदर निर्धारण गर्ने प्रणाली कार्यान्वयनमा आएको छ।

(ग) **संगठीत संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदि भएमा सो सम्वन्धि विश्लेषणात्मक विवरण :**
लघुवित्त विरुद्धको आन्दोलन, स्रोतको परनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा आदि जस्ता समस्याले गर्दा संस्थाको आम्दानीमा असर परेको छ। भविष्यमा यस्ता किसिमका नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति, नियम र कार्यविधिहरुको तर्जुमा गरि अगाडी बढ्ने नीति यस संस्थाले लिएको छ।

**३.कानुनी कारवाही सम्बन्धि विवरण :**
(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर गरेको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन।
(ख) संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धिमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।
(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन।

**४.संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**
(क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोवार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।
(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com का अनुसार त्रैमास अवधिको शेयर सम्बन्धी विवरण निम्न अनुसारको रहेको छ :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कुल शेयर कारोबार कित्ता |
|---|---|---|---|---|---|
| १,२८०.०० | १,१०२.४० | १,१४५.०० | ५३.०० | १,२३८.०० | ६१,०६५.०० |

**५.समस्या तथा चुनौतीहरु :**
- नियतपुवक कर्जा नतिर्ने सदस्यहरुको बृद्धी,
- बाह्य कर्जा मिनाहाको हल्ला,
- दक्ष जनशक्तिको अभाव र पलायन।
- सदस्यहरुद्धारा उत्पादित बस्तु तथा सेवाको अव्यवस्थित बजार व्यवस्थापन।
- नियमनकारी निकायबाट फेरबदल हुन सक्ने नीति नियमहरु।
- आर्थिक मन्दीको कारण ग्राहकको कृषि, ब्यापार, ब्यवसाय र रोजगारीमा परेको प्रत्यक्ष प्रभाव।
- समूह दायित्व वहनमा आएको समस्या
- विभिन्न सयममा लघुवित्त विरुद्ध हुने सडक आन्दोलन।
- ग्राहकहरुको वित्तीय साक्षारतामा कमी।
- निष्क्रिय सदस्य दर वृद्धि हुनु।

**६.संस्थागत सुशासन :**
संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गर्दै आएको छ। संस्थाको विद्यमान नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिलाई अनुसरण गर्दै वित्तीय कारोवारहरु सञ्चालन हुदै आईरहेको छ। आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति तथा ब्यवस्थापकिय तहमा विभिन्न समितिहरु गठन गरी विभिन्न समयमा अध्ययन, विश्लेषण, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आईरहेको छ।

**७.सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोष :**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।



भिरलाखुरी-पञ्चकोट सडकः
बागलुङ जिल्लाको धार्मिक पर्यटकीय गन्तव्य पञ्चकोट जाने सडक । बागलुङ नगरपालिका-६ नम्बर वडा कार्यालयदेखि भिरलाखुरी-पञ्चकोट सडक आठ करोड लागतमा कालोपत्र गरिएको हो । तस्विर : रासस

# बुटवल बसपार्कमा साना व्यवसायीलाई लखेटेर ठूलालाई पोसेको गुनासो



बुटवल । बुटवलको लुम्बिनी बस टर्मिनल (बुटवल बसपार्क) अहिले नीतिगत भ्रष्टाचार र सेटिङको अखडा बनेको आरोप लागेको छ । बुटवल उप-महानगरको नेतृत्वले पश्चिम नेपाल बस व्यवसायी प्रालिका ठूला लगानीकर्ताहरूसँग मिलेर साना व्यवसायीलाई बसपार्कबाट विस्थापित गर्ने योजना बनाएको र त्यसबापत करोडौं रुपैयाँ बुझेको आरोप लागेको हो ।

उपमहानगरको नेतृत्व र ठूला यातायात व्यवसायीबिचको मिलेमतोलाई पुष्टि गर्ने आधारहरू रहेको नमस्ते प्यूठान यातायातका बालाराम पौडेलले बताए । स्रोतका अनुसार, बसपार्कभित्र साना सवारी साधन (मझौला र साना व्यवसायी) लाई स्थान नदिने र उनीहरूलाई बसपार्क बाहिर लखेट्ने शर्तमा ठूला व्यवसायीहरूबाट ठूलो रकमको लेनदेन भएको पौडेलको आरोप छ ।

वर्षौंदेखि राज्यले सिन्डिकेट अन्त्य गरेको घोषणा गरे पनि बुटवल बसपार्कमा भने नयाँ स्वरुपको सिन्डिकेट ब्युँताउन खोजिएको पौडेलको गुनासो छ । ठूला व्यवसायीको एकाधिकार कायम राख्न साना व्यवसायीलाई विस्थापन गर्ने रणनीति नगरपालिकाले अख्तियार गरेको उनले बताए ।

अघोषित सिण्डिकेट लाद्ने घटनाको सुरुवात २०८२ पुस १८ गतेबाट भएको थियो । नमस्ते प्यूठान यातायातले विधिवत् रूपमा बुटबलको नया बसपार्कभित्र काउन्टर सञ्चालनको अनुमति पाएको थियो । अनुमति पत्रको च.नं. १३८१ मार्फत् उप-महानगरपालिकाले नै काउन्टर राख्न दिएको थियो । व्यवसायीले आफ्नो १० लाख लगानीमा ७ जना कर्मचारी नियुक्त गरेर काम सुरु गरेपछि उपमहानगरको नेतृत्वले प्रतिशोध साँधेर हटाएको व्यवसायीको दाबी छ ।

२०८२ चैत २५ मा राखिएको काउन्टर हटाउन नगरप्रमुख स्तरीय निर्णय गरी नगर प्रहरी प्रयोग गरी काउन्टर हटाइएको प्यूठान यातायातका बालाराम पौडेलले बताए । उपमहानगरले गरेको निर्णयको बस्तविकता बुझ्न समिति उपमहानगर पुग्दा आफूहरुलाई हटाउन गरिएको निर्णयको प्रतिलिपि माग्दा सुचना समेत नदिएको पौडेलले बताए । नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नागरिकलाई सार्वजनिक निकायमा रहेको आफ्नो वा सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने अधिकार दिएको छ । तर बुटवल उप-महानगरपालिकाले आफैंले गरेको निर्णयको प्रतिलिपि समेत नदिएको उनले बताए । उपमहानगको अन्यायकाविरुद्ध नमस्ते प्यूठान यातायातका बालाराम पौडेलले उच्च अदालत तुलसीपुर (बुटवल इजलास) मा उत्प्रेषण युक्त परमादेश को मुद्दा दर्ता गराएका छन् । पौडेलले संविधानको धारा १६, १७, १८ र २५ ले ग्यारेन्टी गरेको पेशा व्यवसाय गर्न पाउने हक' हनन् भएको भन्दै मेयर खलराज पाण्डेय र उप-हानगरपालिकासहित राज्यका ५ अंगविरुद्ध कडा कानुनी कारबाहीको माग गरेका छन् ।

# तिलोत्तमामा एक वडा तीन काम लागू

तिलोत्तमा । तिलोत्तमा नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक सार्वजनिक सुनुवाइ सम्पन्न गरेको छ । कार्यक्रममा नगरवासी र विभिन्न राजनीतिक दल, संघसंस्थाका प्रतिनिधिहरुले नगरको पूर्वाधार विकास, सेवा प्रवाह, सार्वजनिक जग्गा, १६-३६ कुलो संरक्षणलगायतका विषयमा नगरपालिकालाई विभिन्न सुझाव दिएका थिए । नगरवासीका प्रश्न र सुझावपछि बोल्दै नगर प्रमुख रामकृष्ण खाँणले नगरका सबै पक्षको सुझावका आधारमा नगरपालिका अघि बढ्ने बताए ।

नगरभित्र १२ हजार अव्यवस्थित बसोवासी रहेको भन्दै उनले उनीहरुलाई व्यवस्थित गर्ने र गर प्रमुख खाँणले बताए । वर्षौंदेखि बसेकालाई लालपूर्जा दिने दायित्व सरकारको हुने उनले नगरवासीलाई सहज र वडाबाटै धेरैभन्दा धेरै सुविधा प्रदान गर्न एक वडा तीन कामको नीति लागू गरिएको बताए ।

जसमा सबै वडा कार्यालयमा हेल्प डेस्क स्थापना गरी सबै प्रकारका निवेदन लेखन वडाका कर्मचारी र जनप्रतिनिधिले निःशुल्क लेखिदिने, ५ लाख रुपैयाँसम्मका योजना वडा कार्यालयबाटै सम्झौता हुने र नक्सासम्बन्धी काम वडाबाटै दिन घुम्ती शिविर सञ्चालन गरिएको बताए ।

उप-प्रमुख जगेश्वरदेवी चौधरीले संघीय सरकारले सार्वजनिक जग्गा संरक्षणका लागि गरेको परिपत्रका बारेमा नगरपालिकाले सम्बन्धित वडा कार्यालयसँग समन्वय र अध्ययन गरेर मात्र काम अघि बढाइने बताइन् । नागरिकलाई आतंकित पार्ने र पीडा दिने काम नगर्ने उप-प्रमुख चौधरीले प्रतिबद्धता जनाइन् ।

प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले सार्वजनिक जग्गा संरक्षणका लागि वडा तहबाट तथ्यांक संकलनको काम भइरहेको बताए । भुसालले नगरको फोहोर व्यवस्थापनलाई करको दायरा भित्र ल्याइने समेत बताए । कार्यक्रममा नगरपालिकाकी प्रशासन प्रमुख सीता घिमिरेले आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक अवधिमा भएका विकास निर्माण, सेवा प्रवाहबारे जानकारी गराएकी थिइन् ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका नगर सभापति रुस्तम कंडेल, नेपाली कांग्रेसका नगर सभापति हरिलाल पाण्डे, नेकपा एमालेका नगर अध्यक्ष मिनप्रसाद पोखरेल, नेपाली कम्युनिष्ट पार्टीका नगर अध्यक्ष बेलप्रसाद शर्मालगायतले तिलोत्तमा नगरपालिका देशकै नमूना नगर बनेको हुँदा सार्वजनिक सुनुवाइलाई पनि सोही अनुसार थप प्रभावकारी बनाउन सुझाव दिएका थिए ।

# २१औं वार्षिकोत्सवमा आस्थमद्वारा रक्तदान



बुटवल । बुटवलकै पुरानो एशियन स्कूल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट (आस्थम) ले २१औं वार्षिकोत्सवको अवसरमा रक्तदान गरेको छ ।

बुटवल-८ राजमार्ग चौराहास्थित आफ्नै तालिम केन्द्रमा आयोजना गरिएको कार्यक्रममा संस्थाका सञ्चालक, प्रशिक्षक, विद्यार्थीलगायत ३३ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रममा बुटवल उपमहानगर वडा नं. ८ का वडाध्यक्ष यज्ञ पंगेनीले रक्तदान सामाजिक सेवा र मानवीय कार्य भएको चर्चा गर्दै वडाले पनि सहकार्य र सहयोग गर्ने बताए । कार्यक्रममा नेपाल नियमित रक्तदाता संघले सहकार्य गरेको अध्यक्ष अशेष सिलवालले बताए । कार्यक्रममा आस्थमका प्रबन्धक निर्देशक जिएस गुरूङले आस्थम बुटवलकै पहिलो दर्ता भएको पुरानो र गुणस्तरीय तालिम दिने संस्था भएको चर्चा गर्दै होटल व्यवस्थापनको तालिम आफैंमा सीपमूलक र व्यवहारिक भएकाले कोही पनि बेरोजगार हुन नपर्ने बताए ।

आस्थमले सीपमूलक शिक्षालाई जोड दिँदै आएको बताउँदै निर्देशक गुरूङले होटेल म्यानेजमेन्ट पढेका विद्यार्थी जुनकुनै देशमा गएर पनि रोजगार पाउने र व्यवसायी बन्न सक्ने जनाए ।

वि.स.२०६० सालमा स्थापना भएको आस्थमले १५ महिने र ६ महिने गरी एड्भान्स लेवलको होटल म्यानेजमेन्टको तालिम प्रदान गर्दै आएको छ । आस्थमले हालसम्म करिब १५ हजार जनालाई होटेल व्यवस्थापनका विज्ञ ल्याएर विद्यार्थीलाई सिकाउँदै आएको छ ।

## पञ्चकन्या रूपन्देही सुपरलिगः

# वेष्टर्नले बुद्धलाई ९ विकेटले हरायो




भैरहवा । रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको सोमबारको खेलमा वेष्टर्न क्रिकेट क्लब विजयी भएको छ । उसले बुद्ध क्रिकेट क्लबलाई ९ विकेटले हराउँदै सहज जित निकालेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङमा आएको बुद्धले निर्धारित ५० ओभरको खेलमा २६ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर जम्मा ७७ रन बनायो । उसलाई सस्तैमा रोक्न वेष्टर्नका अभिषेश गौतमले ४, सुझाव थापाले ३ तथा सन्देश थापा र कलम मुसलमानले १-१ विकेट लिए । बुद्धका मिथलेश यादव र दिलसाद अलीले १५-१५ तथा गौतम केसीले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् ।

जवाफी ब्याटिङ गरेको वेष्टर्नले ८ ओभर ४ बलमा १ विकेटको नोक्सानीमा ७९ रन बनाउँदै सहजै जित हात पार्यो । उसका लागि प्रज्ज्वल थापाले अविजित ४७ र रन्जित खड्काले नटआउट २८ रन बनाए । बुद्धका विपिन शर्माले १ विकेट लिए । खेलमा अभिशेष गौतम प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए ।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उपविजेता पुरस्कारको प्रायोजन गरेका छन् । यसैगरी सिद्धार्थ उद्योग वाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन् ।

# अचार र गुडियाबाट आयआर्जन गर्दै महिला

तुलसीपुर । यहाँको तुलसीपुर उपमहानगरपालिका-७ निवासी टीकाकुमारी सार्की यसअघि चुलोचौकामा मात्रै सीमित थिइन् । घरायसी काम गर्नेबाहेक अरु केही थिएन । तर, अहिले उनले गुडिया बनाउन सिकेपछि दैनिकी नै फेरिएको छ । "पहिले घरमै बस्ने हुन्थ्यो, काम पनि केही हुँदैनथ्यो, तर अहिले गुडिया बनाउन थालेकी छु ।"-उनले भनिन् ।

त्यस्तै तुलसीपुर-६ की मीना लामिछाने पनि अहिले अचार बनाउनमा व्यस्त छिन् । उनले घरमा उत्पादन भएको लसुन, खुर्सानी, पाँच, बोडीलगायतका अचार बनाएर बेच्ने गरेकी छिन् । उनीहरु यसरी उद्यममा जोडिनुभएको छ । आयआर्जनमा जोडिएपछि घर खर्च चलाउन पनि घरका अन्य सदस्यसँग माग्नुपर्ने अवस्थाको अन्त्य भएको छ । "पहिले केही खर्च चाहियो भने पनि घरमा माग्नु पर्थ्यो", लामिछानेले भनिन्-"अब त हामी आफैं कमाउने भइसकेका छौं ।"

उनीहरु उदाहरणमात्रै हुन् । अहिले तुलसीपुरका महिलाहरू यसरी नै आयआर्जनमा जोडिएका छन् । सेवा प्रतिष्ठान दाङको आयोजना तथा सामाजिक विकास डिभिजन कार्यालय तुलसीपुरको आर्थिक सहयोगमा १५ दिने अचार उत्पादन तथा गुडिया निर्माण तालिम सिकेपछि महिलाहरू स्वरोजगारीमार्फत् आम्दानीमा जोडिएका हुन् । तुलसीपुर ६, ७ र ९ नं वडाका महिलालाई तालिम दिइएको थियो ।

जसमा २५ जना अचार बनाउने, ४७ जना गुडिया बनाउने तालिम दिएर महिलालाई हाल आयआर्जनमा जोडिएको सामाजिक विकास डिभिजन कार्यालय तुलसीपुरका प्रमुख गिरीराज पाण्डेले बताए । उनका अनुसार महिलाहरूले ११ प्रकारका अचार बनाउन सिकेका छन् भने नौ प्रकारका गुडिया बनाउन सिकेका छन् । खरायो, पाण्डा, गणेश, टायर कुसन, लभकुसन, फलावर कुसन, चारकुने कुसन बनाउन सिकेका हुन् । त्यस्तै बोइलर अचार, मिक्स अचार, टिमुर अचार, बोडीको अचार, करेलाको अचार, कागतीको अचार, भागो छोप, मिक्स अचार, लसुन र अदुवाको अचार बनाउन सिकेका हुन् ।

# नवलपरासी प्रदेशकै पहिलो पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासी पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । नवलपरासी लुम्बिनी प्रदेशकै पहिलो पूर्णखोप सुनिश्चितता तथा दिगोपना नवलपरासी जिल्ला घोषणा गरिएको हो ।

लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्री खेमबहादुर सारूले एक कार्यक्रमकाबिचमा लुम्बिनी प्रदेशकै नवलपरासी पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरेका हुन् ।

पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गदै स्वास्थ्य मन्त्री सारूले आगामी आर्थिक वर्षमा सुरक्षित मातृत्व मृत्यु दर कम गर्न सुरक्षित मातृत्वको शीर्षकमा उल्लेखनीय बजेट बिनयोजन गरिने बताएका छन् । उनले कुपोषण र आत्मा हत्यादर साथै मानिसक स्वास्थ्यका बिरामीहरूलाई काउन्सिल कामहरू लुम्बिनी प्रदेश सरकारले गरिरहेको बताए ।

उनले प्रदेशका सबै नागरिकलाई स्वास्थ्य उपचार गुणस्तरीय सेवा दिने लक्ष्यका साथ अगाडि बढिरहेको जनाए । स्वास्थ्य क्षेत्रमा कुनै पनि अवन्छित क्रियाकलाप गर्न नदिने दृढता मन्त्री सारूले व्यक्त गरे ।

प्रदेश सरकारकाले स्वास्थ्य बिमाअन्तर्गत स्वास्थ्य संस्थालाई एक अर्ब भुक्तानी गर्नुपर्ने हुँदा संघीय सरकारले तत्काल बजेट उपलब्ध गराईदिनुपर्नेमा उनले जोड दिए । लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्री खेम बहादुर सारूले जिल्ला पूर्णखोप समन्वय समिति अध्यक्ष एवं जिल्ला समन्वय समितिका प्रमुख भगौतीप्रसाद यादव पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा प्रमाणपत्र हस्तान्तरण गरेका हुन् ।

वडा पालिक घोषणा गदै स्वास्थ निर्देशनालयबाट सबै सूचकहरूपार गर्दै र बालबालिकाले पाउनुपर्ने सबै खोप लगाई र सबै खोप पुरा गरेपछि लुम्बिनी प्रदेशकै नवलपरासी पहिलो जिल्ला पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको खोप अधिकृत भेषराज शर्माले जानकारी गराएका थिए ।

नवलपरासी जिल्ला हाल खोप पाइरहेका १५ महिना मुनिका ५ हजार ७ सय ४ जना बालबालिका रहेका छन् भने १६ महिनादेखि ५९ महिनासम्मका १८ हजार २ सय ४४ जना बालबालिकाहरूमध्ये यसवर्ष घरधुरी सर्वेक्षण तथा खोज र खोप अभियान सञ्चालन गरी १६ देखि ५ महिनासम्मका १ सय ५ जना खोप लगाउन छुटेका बालबालिकाहरूको पहिचान गरी सबै खोप दायरामा ल्याई खोप मात्रा पूरा गरी नवलपरासी लुम्बिनी प्रदेशकै पहिलो जिल्ला पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको स्वास्थ्य कार्यालय नवलपरासीका प्रमुख अगदबुहादुर शाहीले जानकारी दिए ।

२०६९ साल देखि सुरूको खोप अभियान गरेको २०७० साल नेपालको पहिलो खोप जिल्ला घोषणा भएको थियो । लुम्बिनी प्रदेश सांसद बैजनाथ कलावर, सुनवल नगरपालिका नगरप्रमुख विमला अर्याल, बर्दघाट नगरपालिका स्वास्थ्य शाखा लोकनाथ सुनारलगायतले धारणा राखेका थिए ।

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत ५५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो. ९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पु¥याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com